# ऐतिहासिक पत्र-स्तम्भ

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणे त्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ओंरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट गोरखा दक्षिणवाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इन चीफ श्री ५ महाराजाधिराज श्रीश्रीश्री महाराजा महेन्द्र वीर विक्रम जंगबहादुर शाह वहादुर शम्शेर जंग देवानाम सदा समर विजयिनाम्— आगे हाम्रो नेपाल अधिराज्य पल्लो किरातका लिम्वु किपटिया गैर के यथोचित तिमीहरूले अघिदेखि हाम्रो सरकारप्रति वफादार रही वखत वखतमा वहादुरी देखाई सोझो चिताइ देश सेवा गरेका कुरा हाम्रा हजुरमा जाहेर छ र हामीबाट सो कुराको दिलैदेखि कदर गरी वक्सेका छौं आफ्ना पुरुखाहरूले गरेको वफादारी वहादुरी र देशप्रति गरेको सच्चा सेवालाई नपिसी अव उप्रान्त पनि सो कुरा महशूस गरी देशको यस कीर्तिलाई दिनपरदिन अटाउने हेतुले देशको अब हुने विकाशकार्यमा समेत तिमीहरू अघिजस्तै सफल हुनेछौं भन्ने पारखी वक्सि थीति रीति कायम राखी वक्सेका छौं यो विकाश कार्यतर्फ पन्चायतबाट सक्रिय सहयोग हुनेनै छ र सरकार पनि कति प्रयत्नशील छ सो कुरा तिमीहरूबाट छिपेको छैन तिमीहरू वस्ने ठाउँ जिल्ला को समेत विकाश हुने काम तिमीहरूको आफ्नै हितको काम जानी यसमा पूरा ध्यान दिई सोझो चिताई थीति जानी भोग गर इति सम्वत् २०१७ साल चैत्र २७ गते रोज १ शुभम्—

सु. प्रेमवहादुर भावोहाङ धनकुटा मिकलुङ अध्यक्ष पल्लो किरात लिम्वुवान प्रतिनिधि मण्डलबाट प्राप्त